# संघीय संसद
# प्रतिनिधि सभा

**चौथो अधिवेशन**

बैठक संख्या - २४

## दैनिक कार्यसूची

२०७६ जेठ ३० गते

**बिहीबार**

बिहान ११:०० बजे

### विनियोजन विधेयकमाथिको छलफल जारी

१. विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथि जारी छलफल अर्न्तगत निम्नलिखित मन्त्रालयको विभिन्न शीर्षकहरुमाथि छलफल हुने ।

(क) खानेपानी मन्त्रालय,
(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र
(ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

२. मा० श्री दुर्गा पौडेलले “विनियोजन विधेयक, २०७६ अर्न्तगत खानेपानी मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्षकको खर्च रकममा एकसय रुपैयाँ घटाईयोस्” भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

३. मा० श्री प्रेम सुवालले “विनियोजन विधेयक, २०७६ अर्न्तगत खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाईयोस्” भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. मा० श्री सुजाता परियारले “विनियोजन विधेयक, २०७६ अर्न्तगत खानेपानी मन्त्रालय मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्” भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० श्री सत्य नारायण शर्मा खनालले “विनियोजन विधेयक, २०७६ अर्न्तगत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्षकको खर्च रकममा एकसय रुपैयाँ घटाईयोस्” भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० श्री गगन कुमार थापाले “विनियोजन विधेयक, २०७६ अर्न्तगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाईयोस्” भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव